# भाग ५

## नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सूचना

### तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दी गाउँ विकास समिति हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी आदेश, २०७६

नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दी गाउँ विकास समिति हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधान गरी निर्णय गर्न देहाय बमोजिमको समिति गठन गरी सो समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दी गाउँ विकास समिति हाल शुक्लागण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गादर्ता गर्ने सम्बन्धी आदेश, २०७६"रहेकोछ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।





२. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दी गाउँ विकास समिति हाल शुक्ला गण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता गर्ने सम्बन्धी समिति सम्झनु पर्छ ।

(ख) "अव्यवस्थित बसोबासी" भन्नाले सरकारी वा सरकारी प्रकृतिका जग्गामा घर बनाई वा आवाद कमोद गरी बसोबास गरी आएको नेपाली नागरिक वा निज प्रति आश्रित परिवार सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सम्झनु पर्छ ।

३. <u>समितिको गठन</u> : (१) तनहुँ जिल्ला, साविक दुलेगौंडा, खैरेनीटार र ढोरफिर्दी गाउँ विकास समिति हाल शुक्ला गण्डकी नगरपालिका अन्तर्गत बसोबास गरेका अव्यवस्थित बसोबासीहरूको नाममा जग्गादर्ता गर्ने सम्बन्धी समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ - अध्यक्ष

(ख) प्रमुख, शुक्लागण्डकी नगरपालिका, तनहुँ - सदस्य

(ग) प्रमुख, डिभिजन वनकार्यालय, तनहुँ

(घ) प्रमुख, नापीकार्यालय, तनहुँ - सदस्य

(ङ) प्रमुख मालपोत अधिकृत, मालपोत कार्यालय, तनहुँ - -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नको लागि समितिको अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरूको उपस्थिति हुनु पर्नेछ ।

(४) समितिको बैठकमा समितिले आवश्यकता अनुसार विषय विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारणगरे बमोजिम हुनेछ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ८ बमोजिम समितिको कार्यक्षेत्र अन्तर्गतको स्थानमा अव्यवस्थित बसोबासीहरूको नाममा जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि विगतमा गठित आयोग वासमितिमा जग्गा दर्ताको लागि परेको निवेदन, नापी नक्सा, फिल्डबुकलगायतका कागजातहरू सम्बन्धित निकायबाट प्राप्त गर्ने,





(ख) खण्ड (क) बमोजिम प्राप्त गरेका निवेदन बमोजिम जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी प्रमाणपुर्जा कायम भएका व्यक्ति वा परिवारको र हालसम्म जग्गाधनी दर्ता श्रेस्ता कायम हुन बाँकी रहेका व्यक्ति वा परिवारको छुट्टाछुट्टै लगत तयार गर्ने,

(ग) दफा ८ बमोजिम समितिको कार्य क्षेत्रभित्र बसोबास गरी आएका र विविध कारणले विगतमा निवेदन पेश गर्न नसकेका अव्यवस्थित बसोबासीहरुबाट त्यस्तो जग्गा दर्ताका लागि दफा ५ बमोजिम निवेदन माग गर्ने,

(घ) विगतमा गठित आयोग वा समितिमा जग्गा दर्ताको लागि प्राप्त निवेदनहरू मध्ये काम सम्पन्न हुन बाँकी रहेका निवेदन र नयाँ निवेदनमा जग्गा वा घरजग्गा भोग गर्न पाएको आधार र प्रमाण पेश गर्न वा संलग्न गर्न लगाउने,

(ङ) समितिको कार्यक्षेत्रभित्र परेको र विगतमा गठित आयोग तथा समितिबाट नाप जाँच गर्न बाँकी रहेको जग्गाको जग्गा (नाप जाँच)

ऐन, २०१९ तथा जग्गा (नाप जाँच) नियमावली, २०५८ बमोजिम जग्गाको सिमाना यकीन गर्ने, नक्सा, फिल्डबुक तथा प्लट रजिष्टर तयार गर्ने गराउने,

(च) प्रति परिवार क्षेत्रफल १-८-०-० रोपनीसम्मको जग्गाको खण्ड (झ) बमोजिमको रकम लिई सम्बन्धित भोगवाला व्यक्तिको नाममा दर्ता गर्ने निर्णय गर्ने,

(छ) राजमार्गको लागि तोकिएको सीमाभन्दा बाहिर विद्यालय वा धार्मिक वा सामाजिक संस्थाले भवन निर्माण गरी भोग गरी आएकोमा सम्बन्धित विद्यालय वा धार्मिक वा सामाजिक संस्थाको नाममा, सार्वजनिक उपयोगमा रहेको जग्गाहरू उपयोग खुलाई नेपाल सरकारको नाममा, अन्य सरकारी निकाय रहेको जग्गा सरकारी निकायको नाम उल्लेख गरी नेपाल सरकारको नाममा र राजमार्गको सीमाभित्र पर्ने जग्गा राजमार्ग जनाई नेपाल सरकारको नाममा दर्ता गर्ने निर्णय गर्ने,





(ज) राजमार्गको सीमाभित्र घर बनाई बसोबास गरी आएका अव्यवस्थित बसोबासीको हकमा राजमार्गको सीमा बाहिर रहेको समितिको कार्य क्षेत्रभित्रको जग्गा दर्ता गर्ने निर्णय गर्ने,

(झ) खण्ड (च) र (ज) बमोजिम निर्णय गर्दा व्यक्ति वा परिवारको हकमा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि चालु आर्थिक वर्षमा तोकेको न्यूनतम मूल्याङ्कनको बीस प्रतिशत रकम लिने र सो रकम प्रचलित कानून बमोजिम राजश्वमा दाखिला गर्ने,

(ञ) जग्गा दर्ता गर्ने निर्णय गर्दा विवाहित व्यक्तिको हकमा पति रपत्नी दुवैको संयुक्त नाममा दर्ता गर्ने गरी निर्णय गर्ने,

(ट) जग्गा दर्ता हुने निर्णय भएको जग्गाको सो क्षेत्रमा सुरु नाप नक्सा भएको वर्षदेखि चालु आर्थिक वर्षसम्मको मालपोत रकम लिने।

५. <u>निवेदन पेश गर्नको लागि सूचना प्रकाशन गर्ने</u> : (१) समितिले दफा ८ बमोजिम समितिको कार्यक्षेत्र भित्र अव्यवस्थित बसोबासीको रूपमा बसोबास गरी आएका र विगतमा गठित आयोग वा समितिमा जग्गा दर्ताको लागि

निवेदन दिन बाँकी रहेका अव्यवस्थित बसोबासीहरूले समितिमा निवेदन पेश गर्न सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि सो सूचनामा तोकिएको समयावधिभित्र देहायका कागजात संलग्न गरी सम्बन्धित अव्यवस्थित बसोबासीले समिति समक्ष निवेदन दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) नक्सा पास गरी वा घर बनाउन सम्बन्धित निकायबाट स्वीकृति लिएको भए सो प्रमाणको प्रतिलिपि,

(ग) शुक्ला गण्डकी नगरपालिकाले भोग यकीन गरी दर्ताको लागि दिएको सिफारिस,

(घ) विगतका आयोग वा समिति र नापीबाट नाप नक्सा भएको भए नक्सा र फिल्ड बुक उतारको प्रतिलिपि,

(ङ) घर जग्गाको तिरोभरो गरेको भए तिरोभरो गरेको प्रमाण,

(च) भोग सम्बन्धमा अन्य कुनै प्रमाण भए सो प्रमाण ।

६. <u>कार्यविधि</u> : दफा ५ बमोजिम जग्गा दर्ताको लागि पर्न आएका निवेदन र विगतमा गठित आयोग तथा समितिमा परेका निवेदन उपर समितिले देहाय बमोजिमको कार्यविधि अपनाई प्रमाण सङ्कलन तथा छानबिन गर्नु पर्नेछः-





(क) निवेदनमा उल्लेख भएको घर वा जग्गासँग सम्बन्धित काग जात सम्बन्धित कार्यालयमा भएको अभिलेखसँग भिडाउने,

(ख) भोग यकीन गर्न समितिबाट कर्मचारी डोर खटाई स्थलगत सरजमिन र निरीक्षण गराई मुचुल्का र प्रतिवेदन संलग्न गर्ने,

(ग) कारबाहीको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा आवश्यकता अनुसार सात दिनको म्याद जारी गरी समितिको कार्यालयमा झिकाउने र आवश्यकता अनुसार सोध पुछ गर्ने तथा जानकारी लिने,

(घ) हकदाबी सम्बन्धमा एक्काइस दिनको म्याद दिई सार्वजनिक सूचना जारी गर्ने,

(ङ) आवश्यक अन्य प्रमाण बुझ्ने।

७. <u>समितिको कार्यालयः</u> समितिको कार्यालय, मालपोत कार्यालय, तनहुँमा रहनेछ।

८. <u>समितिको कार्यक्षेत्रः</u> समितिको कार्यक्षेत्र तनहुँ जिल्ला, शुक्ला गण्डकी नगरपालिकाको साविक दुलेगौंडा गाउँ विकास समिति वडा नं. ७, ८ र ९ को पूर्व कपासेको डिल,पश्चिम सेती नदीको डिल,उत्तर राजमार्गमा पर्ने गाछेपानी कुवार दक्षिण झरौटे खोला (साविक खैरेनीटार र दुलेगौंडागाउँ विकास समितिको सीमा) साविक दुलेगौंडा गाउँ विकास

समिति वडा नं. २ र ३ अन्तर्गत पृथ्वी राजमार्गको आसपासमा रहेको अव्यवस्थित बसोबास क्षेत्र,साविक खैरेनीटार गाउँ विकास समिति वडा नं. ९ अन्तर्गत पूर्व साविक क्षेत्रीय कृषि तालिम केन्द्र हुँदै म्याग्दे खोला, पश्चिम सेती नदी, उत्तर झरौटे खोलार दक्षिण म्याग्दे खोला दोभान (भीमाद जाने बाटो) र साविक ढोरफिर्दी गाउँ विकास समिति वडा नं. ३ को अव्यवस्थित बसोबासो रहेको क्षेत्र हुनेछ।

९. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u>: समितिलाई आवश्यक पर्ने कर्मचारी अनसूची बमोजिम व्यवस्था गरिनेछ ।

१०. <u>बजेट सम्बन्धी व्यवस्था</u>: समितिलाई आवश्यक पर्ने बजेट शुक्ला गण्डकी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट व्यहोरिने छ।

११. <u>निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ</u> : (१) समितिको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, प्रमाणित गर्ने र सम्बन्धित निकायमा बुझाउने दायित्व समितिको सदस्य-सचिवको हुनेछ ।

(२) समितिबाट जग्गा दर्ता गर्ने गरी भएको निर्णय अनुसार जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा तयार गर्ने तथा सम्बन्धित जग्गाधनीलाई जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने कार्य मालपोत कार्यालय, तनहुँले गर्नेछ।

(३) समितिबाट तयार भएको माइन्यूट, नक्सा, श्रेस्ता तथा अन्य कागजातहरु समितिको कार्य सम्पन्न भएपछि मालपोत कार्यालय, तनहुँ वानापी कार्यालय, तनहुँमा र जिन्सी सामानहरु मालपोत कार्यालय, तनहुँमा बुझाउनु पर्नेछ ।





यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य समितिको सदस्य-सचिवको हुनेछ ।

१२. <u>समितिको कार्य अवधि</u>: समितिको कार्य अवधि समितिले कार्य प्रारम्भ गरेको मितिले एक वर्ष हुनेछ।

अनुसूची
(दफा ९ सँग सम्बन्धित)

## कर्मचारी सम्बन्धी व्यवस्था

| सि. नं. | कर्मचारीको विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | मालपोत अधिकृत (राजपत्राङ्कित तृतीय श्रेणी) | एक जना | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने। |
| २ | नायब सुब्बा (राजपत्र अनङ्कित प्रथम श्रेणी) | दुई जना | भूमिसुधार तथा व्यवस्थापन विभागले काजमा खटाउने। |
| ३ | सर्वेक्षक (राजपत्र अनङ्कित प्रथम श्रेणी) | एक जना | नापी विभागले काजमा खटाउने। |
| ४ | अमीन (राजपत्र अनङ्कित द्वितीय श्रेणी) | दुई जना | नापी विभागले काजमा खटाउने। |
| ५ | कार्यालय सहयोगी (श्रेणीविहीन, जङ्गिदार समेत) | दुई जना | भूमिसुधार तथा व्यवस्थापन विभागले एक जना र नापी विभागले एक जना काजमा खटाउने। |
| | जम्मा | आठ जना | |

आज्ञाले,
**गोपीनाथ मैनाली**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू २०।-
गो.हु.द.नं. १६।२०६२।६३